बाच्न पाउने अधिकारको आधार: खाद्य अधिकार

FIAN NEPAL

Section of FIAN International

फियान नेपाल

www.fiannepal.org

खाद्य अधिकार सन्देश

कार्तिक २०७६

# खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को मस्यौदा नियमावली, २०७६' कृषिमन्त्रीलाई हस्तान्तरण



नेपालको संविधानको धारा ३६ ले खाद्य सम्बन्धी हकलाई नागरिकको मौलिक हकको रुपमा व्यवस्था गरे बमोजिम नेपाल सरकारले उक्त हकको व्यवहारिक कार्यान्वयनको लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी गरी सकेको सन्दर्भमा ऐनको प्रभावकारी कार्यान्वयनका लागि नियमावली लगायतका आवश्यक संयन्त्रहरूको निर्माण गरी संविधान प्रदत्त नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको हकको सुनिश्चितता गर्ने जिम्मेवारी नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको हो। नियमावलीको अभावमा ऐनको व्यवहारिक कार्यान्वयन हुन नसक्ने र खाद्य सम्बन्धी हक उल्लंघन हुने जोखिम रहन्छ। तसर्थ खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको क्षेत्रमा कार्यरत नागरिक समाज तथा संघ सस्थाहरूले सरोकारवालहरूसँगको छलफल तथा परामर्शमा ऐनको मुल मर्म र भावना अनुरुप **"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५"** को नागरिक समाजको तर्फबाट मस्यौदा नियमावली, २०७६ तयार गरी नवनियुक्त कृषि तथा पशुपंक्षी विकास मंत्री माननीय श्री घनश्याम भुषाललाई मिति २०७६ मंसिर १० गतेका दिन हस्तान्तरण गरिएको छ।

फियान नेपालको अगुवाईमा नागरिक समाजको तर्फबाट तयार पारिएको उक्त मस्यौदा नियमावली गैर सरकारी संस्था महासंघ, खाद्य अधिकार राष्ट्रिय सञ्जाल, दलित गैर सरकारी संस्था महासंघ आदि संघ संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा अखिल नेपाल किसान महासंघको अध्यक्ष तथा पूर्व कृषि मन्त्री हरी पराजुलीले उक्त मस्यौदा नियमावली मन्त्रालयमा माननीय श्री घनश्याम भुसाललाई बुझाउनु भयो। नियमावली हस्तान्तरण गर्ने कार्यक्रममा पूर्वमन्त्री पराजुलीले उपस्थित सम्पूर्णको तर्फबाट नवनियुक्त कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नागरिक समाज संघ संस्थाहरूले विगत लामो समयदेखि खाद्य अधिकार र खाद्य सम्प्रभुताका मुद्धालाई उठान गर्दै आएको र आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता दिने बताउनु भयो। किसान र कृषि क्षेत्रको आवश्यकता साथै समग्र किसानहरूको अगुवाई गरेको अनुभवको आधारमा सबै सरोकारवाला निकायको तर्फबाट नियमावली तयार पारिएको जानकारी दिँदै यो दस्तावेज सरकारले तयार पार्ने नियमावलीको लागि राम्रो सन्दर्भ सामाग्री हुने विश्वास व्यक्त गर्नु भयो।

नागरिक समाजको तर्फबाट तयार गरिएको उक्त मस्यौदा नियमावली ग्रहण गर्दै मन्त्री भुषालले मन्त्रालयले निर्माण गर्ने नियमावलीको लागि आधारभूत सामाग्रीको प्रयोग गर्ने र नियमावली निर्माणको चरणमा नागरिक समाजसँग आवश्यक परामर्श, सल्लाह, सुझाव निरन्तर रुपमा लिने प्रतिवद्धता सहित खाद्य अधिकार तथा खाद्य सम्प्रभूतको कार्यान्वयनका लागि चाँडो भन्दा चाँडो आवश्यक संयन्त्रहरूको निर्माण गर्ने समेत बताउनु भयो।

## सम्पादकीय

नेपालको भूगोल पूर्व, पश्चिम र दक्षिणमा भारतको सीमाना र उत्तरमा चीनको सीमानासँग गाँसिएको छ। विशेष गरी भारतसँग खुला सीमाना तथा सामाजिक, साँस्कृतिक र भौगोलिक समानताको कारणले विशेष सम्बन्ध छ। तथापी बेलाबखत नेपाल भारतको सम्बन्धमा उतार अढाव हामी सबैले महसुस गर्दै आएका छौं। नाकाबन्दी, सीमा अतिक्रमण, असमान सन्धि, गुणस्तरहीन सामाग्रीको सहज आयात, बाँध तथा निकुञ्जका आदिका कारण नेपाल तथा नेपालीले भोगिरहनु परेको समस्या कुनै नौलो हैन। सन् १८६० को सुगौली सन्धिदेखि नै भारतको हेपाह प्रवृत्ति नेपालीहरूले भ्mलिरहनु परेको छ। सीमा क्षेत्रका यिनै विविध समस्याहरूका कारण नेपाली जनताको खाद्य अधिकार हनन् भएको ठहरका साथ फियान नेपालले अन्तरदेशीय राज्यका दायित्वका सन्दर्भमा खाद्य अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिका लागि नेपाल सरकार र भारत सरकारलाई उत्तरदायि बनाउन शुरुवातदेखि नै सवालहरू उठान, प्रभावित समुदायको क्षमता अभिवृद्धि, नागरिक समाजको ऐक्यबद्धता तथा दवाब मुलक अभियानको लागि संगठित गर्दै स्थानीय तहदेखि केन्द्रिय तहसम्म सरोकारवाला निकायको ध्यानाकर्षण गर्दै आएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको **"सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरूको मानव अधिकारको अवस्था"** सम्बन्धी अध्ययनले पनि सीमा क्षेत्रका भारतीय संरचनाहरूले नेपाली जनताको खाद्य अधिकार हनन् भइरहेको निश्कर्ष निकालेको छ। त्यसैले दुवै देशका सरकारहरू अन्तरदेशीय राज्यका दायित्वमा संवेदनशील भएर मानव अधिकार हननका सवालहरू न्यूनीकरण गर्न आवश्यक छ। यस पटक सुदुर पश्चिम विशेष अन्तर्गत हामीले यस विषयलाई समेटने प्रयास गरेका छौं।

**केन्द्रिय कार्यालय:** बिजुलीबजार, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल, पो.ब.नं ११३६३
फोन नं : ०१-४७८१६५४, ४७८३९६५, फ्याक्स : ०१-४७८२२२३, ईमेल: info@fiannepal.org
**क्षेत्रीय कार्यालय:** शान्ति नगर, कारकाँदो, नेपालगञ्ज, बाँके, फोन नं.: ०८१-५५०२१४, **जिल्ला कार्यालय:** धादिङ, चितवन, मकवानपुर, बाजुरा, बझाङ

# ब्रुसबाङका चेपाङ समुदायको खानेपानीको सपना साकार हुदैं

## समुदायलाई सुविधा सम्पन्न भएको ठाँउमा सार्ने तयारी

धादिङ्ग जिल्लाको बेनिघाट-रोराङ्ग गाउँपालिका वडा नं. २ समुन्द्रि सतहबाट १८४५ मिटर उचाईमा पर्ने विकट गाउँ ब्रुसबाङ्गमा बसोबास गरिरहेका चेपाङ्ग समुदायको स्वच्छ र सुरक्षित पिउने पानीमाथिको अधिकार सुनिश्चिततताको लागि फियान नेपालले समुदायलाई अभिमूखीकरण र संगठित गर्दै वकालत तथा पैरवीमा सहजीकरण गर्न शुरु गरेको ५ बर्ष बितेको छ। यस अवधिमा समुदाय आफ्नो सवालको नेतृत्व आफै गर्न सक्षम भई फियान नेपाल र अन्य संघसंस्थको सहयोगमा आफ्ना मुख्य माग पानीको अधिकारको लागि स्थानीयदेखि केन्द्रसम्मका सरोकारवालाहरूको ध्यानाकर्षण गराउन सफल भएका छन्।




तत्कालीन जिल्ला विकास समिति धादिङ्गको आर्थिक वर्ष २०७२/२०७३ मा कोरियन सरकारको दातृ निकाय कोइका र युएनडिपी मार्फत १ करोड ५ लाख उपलब्ध गराउने र ३५ लाख जिविसले हाल्ने गरी जिल्ला परिषद्ले खानेपानी आयोजना स्वीकृत गरेको थियो। तत्कालीन वडा नागरिक मञ्चका संयोजक टंक बहादुर लामाले समुदायका ज्येष्ठ सदस्य पूर्ण बहादुर चेपाङको अध्यक्षतामा उपभोक्ता समति समेत गठन भएको थियो। तथापीसम्भाव्यता अध्ययन पछि विकटताको कारण उक्त खानेपानी योजना सम्भव हुन सकेन। समुदायले आफ्नो मुख्य मुद्दा सम्बोधन गराउन वकालत पैरवीको कार्य जारी नै गरिरहे, हरेश खाएनन्। जिल्ला तहका सरकारी निकायका प्रमुख, सरोकारवाला निकाय र समुदाय बीच पटक-पटक छलफल जारी रह्यो। तत्कालीन संविधान सभा सदस्य माननीय राजेन्द्र प्रसाद पाण्डेलाई समुदयले २०७३ पौष ८ का दिन ज्ञापन पत्र बुझाएका थिए। माननीय पाण्डेले ब्रुसबाङ्गमा खानेपानी पुऱ्याउने पैसाले एकीकृत बस्ती निमार्ण हुने भएकोले पटक-पटकको छलफलबाट बस्ती स्थानान्तरण नै अन्तिम विकल्प भएको भन्दै समुदायलाई बसाई सर्न आग्रह गरेका थिए। यद्यपी चेपाङ्ग समुदायलाई खानेपानीको पहुँच हुनुपर्छ भन्ने कुरामा सबैको एकमत थियो। तर पनि वस्ती स्थानान्तरणले खानेपानीको समस्या समाधान भएपनि नयाँ स्थानमा बसाईसराई गर्दा समुदायको जीविकोपार्जनको परम्परागत अन्य स्रोत माथिको निर्भरता गुम्ने खतरा थियो।

समुदायको संघर्ष, सरोकारवालाको प्रयास र पहलका कारण अहिले चेपाङ्ग समुदायलाई सुविधा सम्पन्न स्थानमा स्थानान्तरण गर्न सहमति जुटेको छ। यसै सन्दर्भमा, मिति २०७६ जेठ ११ गते प्रतिनिधि सभा सदस्य माननीय भूमि प्रसाद त्रिपाठी ब्रुसबाङ्ग पुगेर समुदाय भेटघाट तथा छलफल गर्नु भएको छ। उक्त सरोकारवाला बैठकमा माननीय त्रिपाठीले समुदायको सबै खाले सेवा उपभोग गर्ने अधिकार प्राप्त हुने वातावरण तयार भईरहेको र त्यसका लागि समुदाय पनि अहिलेको ब्रुसबाङ्ग छोड्न तयार हुनुपर्ने कुरामा जोड दिनु भयो।



बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
३ नं. प्रदेश नेपाल

मिति २०७६/०३/२२

जग्गा खरिद सम्बन्धी सूचना

लक्ष्मण प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बेनिघाट-रोराङ्ग गाँउपालिकाका अध्यक्ष पित्त बहादुर डल्लाकोटीले अब छिट्टै नै समुदायलाई नयाँ स्थानमा सार्ने तयारी भइरहेको बताउनु हुँदै गाउँपालिकाले जग्गा खरीद प्रकृया अगाडि बढाएको बताउनु भयो। प्रति परिवारलाई भान्सा कोठा सहितको घर, पानीको धारा, शौचालय, सामुदायिक भवन, बालबालिका खेल्ने बगैचा, सडक, विजुली सहितको सुविधा भएको नयाँ ब्रुसबाङ्ग निमार्ण गर्ने योजनामा गाउँपालिकाले तयारी गरेको पनि बताउनु भयो।

निमित्त प्रमुख जिल्ला अधिकारी अर्जुन कुमार शर्माले बस्ती स्थानान्तरण नै उपयुक्त विकल्प भएको र यसमा जिल्ला स्थित सरोकारवाला सरकारी निकाय पनि सहमति भएको बताउनु भयो। नयाँ स्थानमा रोजगारीका नयाँ अवसरहरू प्राप्त हुने, आधारभूत सेवा सुविधामा पहुँच हुने र जीविकोपार्जनको लागि विकल्पहरू सजिलै प्राप्त हुने हुँदा समुदायले पनि आफ्नो सहमति दिनु पर्ने कुरा बताउनु भयो।

समुदायको तर्फबाट माननीय सांसद भूमि प्रसाद त्रिपाठीलाई ९ बुँदेध्यानाकर्षण पत्र बुझाउँदै ब्रुसबाङ्ग खाद्य अधिकार समुहको संयोजक प्रेम चेपाङ्गले समुदायको मुख्य माग भनेको नै खानेपानी नै भएको बताउनु भयो। वहाँले विगतमा खानेपानीको जोहो गर्न समुदायले गरेको दुःख सम्झँदै, नयाँ स्थानमा खानेपानी सहित राज्यले आधारभूत सेवासुविधा सहित जीविकोपार्जनको अन्य अवसर उपलब्ध गराउने हो भने समुदाय पनि स्थानान्तरणको लागि तयार रहेको बताउनु भयो।

यद्यपी नयाँ ब्रुसबाङ्ग परिकल्पना गरिएको सहित बस्ती स्थानान्तरण भएमा ब्रुसबाङ्गका चेपाङ्ग समुदायको जीवनमा आमूल परिवर्तन हुने अनुमान सरोकारवालाहरूको समेत रहेको छ। उनीहरूलाई शिक्षा, स्वास्थ्य, सडक, विजुली बत्ती, घरघरमा खानेपानीको नीजि धारा, सामुदायिक भवन, बाल उद्यान, छुट्टै भान्सा कोठा सहितको घर रजग्गा सरकारले व्यवस्था गर्नु आफैमा सकारात्मक कुरा हो। यसरी समुदायको सवाल सम्वोधन गर्ने क्रममा यी चीज समुदायले प्राप्त गरे भने सरकार आफ्नो दायित्व पुरा गरेका देखिने मात्र नभई एकीकृत वस्ती विकासको नमूना र उदाहरण हुने छ भने समुदायले राज्य भएको महसुश गर्न पाउने छन्। र उनीहरूको जीविकोर्पाजनमा सकारात्मक प्रभाव पर्नेछ। फियान नेपाल यसरी नै खाद्य अधिकारबाट वञ्चित प्रत्येक समुदायको यथोचित जीवनस्तरको हकको लागि निरन्तर प्रयासरत छ।

# भुकम्प प्रभावित भूमिहीन समुदायको भूमिमाथिको भोगाधिकार सुनिश्चित



वि.सं. २०७२ साल वैशाख १२ र २९ गतेको विनाशकारी भुकम्प अझै पनि सबैको मानसपटलमा ताजा नै छ। दशौं हजार मानिसले ज्यान गुमाएको र लाखौं मानिसहरू घरबार विहीन बनाएको उक्त घटनाको ४ बर्षको अवधीमा देशले प्रमुख राजनीतिक उपलब्धिहरू प्राप्त गरेको छ।

देशमा संविधान जारी भएसँगै संघीय व्यवस्थामा प्रवेश गरेको, तीनै तहको निर्वाचन सम्पन्न भई स्थिर सरकार प्राप्त गरेको, संविधानको मर्म र भावना अनुरुप आवश्यक ऐन कानुनहरू निर्माण तथा संशोधनको प्रकृया अघि बढेको, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ लागु भएको र भुकम्पबाट विनाश भएका संरचनाहरू निर्माण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना जस्ता तथा राजनीतिक प्रतिबद्धता भएपनि भूकम्पबाट पीडित धेरै परिवारहरूको मानव अधिकार र जनजीविकाको अवस्था आशा गरिए अनुरूप सुधार हुन सकेको छैन।

फियान नेपालले विभिन्न कार्यक्रमको दौरानमा भुकम्प प्रभावितहरूको पुनर्निर्माणको समस्या खाद्य अधिकारको दृष्टिकोणबाट तीनै तहका सरकार, जनप्रतिनिधि, राष्ट्रिय पुनर्निर्माण प्राधिकारणका कर्मचारी समक्ष राख्दै आएको छ। हरेक छलफलमा जमीनको स्वामित्वको मुद्दा नै पुनर्निर्माणको मुख्य


नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

विषय: परिपत्र।

तपशिल

"निजामती कर्मचारीको प्रतिबद्धता : पारदर्शिता र सुशासन"

बाधक भएको सरोकारवालाहरूले राख्दै आएका थिए।

विशेष गरि ऐलानी जग्गामा बसोबास गर्दै आएका विपन्न तथा सीमान्तकृत भूमिहीन परिवारहरू लाभग्राही सूचीमा नपर्नु र लाभग्राही सूचीमा परेकाहरू पनि जग्गाको लालपूर्जा नभएका कारण अनुदान सम्झौता गर्नबाट वञ्चित हुँदै आएका थिए। फियान नेपालले यस्ता सवालहरूमा भूकम्प प्रभावित धादिङ्ग, मकवानपुर र काठमाण्डौका समुदायहरूको सवाल सम्बोधनको लागि वकालत पैरवीमा सहजीकरण गर्दै आएको छ, साथै भूमि, मत्स्यक्षेत्र तथा वनजङ्गलको उत्तरदायी शासन व्यवस्था सम्बन्धी स्वैच्छिक मार्गदर्शन बारे प्रदेश स्तरीय, जिल्ला स्तरीय र राष्ट्रिय स्तरमा सन् २०१५ देखि नै सरोकारवालाहरूलाई अभिमुखीकरण गर्दै भुकम्प पश्चात नीजि आवास पुनर्निर्माणमा दवाब सिर्जना गर्दै आएको छ। मिति २०७५ माघ २१ गतेको मन्त्री परिषद्को निर्णयले भुकम्पबाट प्रभावित नीजि आवास पुनर्निर्माण अनुदान वितरण (दोश्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत गरी भूमिहीन समुदायहरूको भूमिको अनौपचारिक भोगाधिकारलाई सम्मान तथा सुनिश्चित गरेको छ। यस संशोधित कार्यविधिले भूमिहिन समुदायले पनि यथास्थानमा भुकम्पले क्षति भएको नीजि आवास पुनर्निर्माण अनुदान सम्झौता गर्न पाउने भएका छन्। मन्त्री परिषदको निर्णय राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत स्थानीय तहहरूमा परिपत्र भईकसेको छ र स्थानीय सरकार सकारात्मक रुपमा अगाडि बढेको छ। यसरी विगतदेखि भूमिको स्वामित्वको कारणले भूमिहीन समुदायहरूको रोकिएको पुनर्निर्माणको कामले निरन्तरता पाउन थालेको छ।

# खाद्य अधिकार ऐन कार्यान्वयनमा स्थानीय तथा प्रदेश सरकारको प्रतिबद्धता

संघीय संरचनामा खाद्य अधिकार सुनिश्चित गर्न तीनै तहका सरकारहरूको महत्वपूर्ण भूमिका रहने हुँदा स्थानीय, प्रदेश र संघीय सरकारका जनप्रतिनिधी र कर्मचारीहरू खाद्य अधिकारका अवधारणाका साथै काम कर्तव्य बारे जानकार हुन आवश्यक छ। संविधानले प्रदान गरेको मौलिक हकको कार्यान्वयन गर्ने सिलसिलामा खाद्य अधिकार तथा खाद्य संप्रभुत्ता सम्बन्धी ऐन, २०७५ लाई आत्मसात गर्दै प्रादेशिक ऐन, नियमावली तथा आवश्यक संरचनाहरूका साथै स्थानीय सरकारले कार्यान्वयन गराउनको लागि फियान नेपालले स्थानीय तथा प्रादेशिक सरकारका प्रतिनिधिहरूलाई खाद्य अधिकार सम्बन्धी अवधारणा र संघीय ऐनबारे विभिन्न अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न गरेको छ।

## भरतपुर महानगरपालिका



फियान नेपालले २०७५ चैत्र ३ मा चितवन जिल्ला, भरतपुर महानगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू र वरिष्ठ कर्मचारीहरूका लागि खाद्य अधिकार तथा खाद्य संप्रभुत्ता सम्बन्धी ऐन, २०७५ बारे अन्तक्रिया कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा ऐनको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूको भूमिकाका बारेमा व्यापक छलफल भयो। कार्यक्रमको मुख्य अतिथि मेयर श्री रेणु दाहाल र अन्य अतिथिहरूमा नगरपालिकाका वडा अध्यक्षहरू, प्रमुख्य प्रशासकी अधिकृत, विषयगत शाखाका वरिष्ठ कर्मचारी तथा पत्रकारहरू गरी ३० जना सहभागीहरू थिए।

खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य संप्रभुत्ताको अवधारणाका साथै कानुनी प्रावधान र राज्यको दायित्व सम्बन्धी प्रस्तुति सहित कार्यक्रमको शुरुवात भएको थियो। त्यसपश्चात, खाद्य अधिकार र खाद्य संप्रभुत्ता सम्बन्धी ऐन, २०७५ को बारे जानकारीका साथै ऐनले समेटेका प्रावधानहरू र खाद्य असुरक्षित व्यक्ति र समुदायको खाद्य अधिकारको संरक्षण र सम्बर्द्धनका लागि स्थानीय सरकारको भूमिकाका विषयमा छलफल चलेको थियो। छलफलले उक्त ऐनमा व्यवस्था भएको गाउँपालिका र नगरपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय स्तरको खाद्य समितिको गठन गर्नु पर्नेमा जोड दियो। खाद्य अधिकारका मुद्दाहरू र ऐनमा भएका व्यवस्थाहरू सहभागीहरूको लागी नयाँ विषय भएको छलफलका क्रममा उठेको विषय थियो। प्रत्येक स्थानीय तहले स्थानीय खाद्य सुरक्षा योजना निर्माण गरी खाद्य अधिकारबाट जोखिममा रहेका समुदायहरूको पहिचान गर्दै आवश्यकता अनुसार उचित कार्यक्रमहरू लागू गर्न सक्दछौं।

फियान नेपालको पहलमा तथा सहजीकरणमा स्थानीय खाद्य तथा पोषण सुरक्षा योजना निर्माण प्रक्रिया धादिङ्गको गजुरी गाउँपालिका, बझाङ्गको थलारा र बित्थरचिड गाउँपालिकामा शुरु गरिएको पनि जानकारी गराईयो। त्यस्तै कर्णाली प्रदेशले प्रादेशिक खाद्य अधिकार र खाद्य सार्वभौमिकता कानुन निर्माण शुरुवात भएको कुरा पनि छलफलका क्रममा जानकारी गराइएको थियो। अन्तमा, मुख्य कार्यकारी निर्देशक श्री नेत्रप्रसाद सुवेदीले कार्यक्रमको सराहना गर्दै फियान नेपाललाई धन्यवाद दिनुभयो साथै ऐनमा प्रमुखको अध्यक्षतामा स्थानीय खाद्य समन्वय समितिको व्यवस्था छ र यसै अनुरुप महानगरपालिका अगाडि बढ्ने छ भन्दै कार्यक्रमको समापन भएको थियो।

## ३ नं प्रदेश स्तरीय कार्यशाला

प्रदेश ३ को राजधानी मकवनपुर जिल्लाको हेटौंडामा २०७६ असार ७ मा विषयगत प्रदेश सरकार, प्रदेश सभा सदस्य, विषयगत सांसदीय समिति, सरकारी कर्मचारीहरूको उपस्थितिमा कार्यशाला आयोजना गरियो। खाद्य अधिकार तथा खाद्य संप्रभुत्ता सम्बन्धी ऐन, २०७५ को जानकारी सहित ऐनमा व्यवस्था भएको मुख्य प्रावधानहरूमा प्रदेश स्तरीय सरोकारवालाहरूलाई अभिमूखीकरण सम्पन्न गरेको छ। खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको अधिकारमा सुनिश्चित गर्न नागरिक समाजका प्रतिनिधिहरू तथा विभिन्न तहगत सरकारहरूको भूमिका तथा ऐनको कार्यान्वयनको अवसर र चुनौतीहरूको बारेमा सहभागीहरूले सकृय रूपमा छलफल भएको थियो।

कार्यक्रमको औपचारिक उद्घाटन गर्दै मुख्य अतिथि तथा प्रदेश सभाका सभामुख माननीय श्री सानु कुमार श्रेष्ठले परिवर्तित जीवनशैली र खानपानको कारण खाद्य अधिकार हनन् भइरहेको भन्नु भयो। उत्पादनकर्ताहरू नाफामुखि हुन खोज्दा कृषिमा विषादीको अत्याधिक प्रयोग भई खाद्यान्नको गुणस्तरमा ह्रास हुनुका साथै उपभोक्ताहरूको स्वास्थमा असर परिरहेको छ भन्नु भयो।

प्रदेश सभा सदस्य माननीय सीता लामाले संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका उपेक्षित भएको अवस्थामा ऐन कार्यान्वयनमा स्थानीय सरकार बढी सकृय हुनुपर्नेमा जोडदिनु भयो। यद्धपि सीमित ज्ञान, सीप र संसाधनको अवस्थामा स्थानीय जनप्रतिनिधिहरू पनि सक्षम हुन समय लाग्ने र क्षमता अभिवृद्धिमा सबै सरोकारवालाले सहयोग गर्न सुझाव दिनु भयो। माननीय रामलाल महतोले जबसम्म पर्याप्त खाद्यान्न उत्पादन हुँदैन तबसम्म खाद्य असुरक्षा समस्या आउँछभन्नु भयो। किसानहरूको कृषि पेशाप्रति विकर्षणका कारण खाद्यान्न अभाव, मुल्य वृद्धि, कालो बजारी आदिको समस्या आउने हुँदा नेपाली कृषकहरूको सम्मान गर्नु नै उत्पादन वृद्धिको पहिलो कदम हुनु पर्दछभन्नु

बाकी पृष्ठ ५ मा →



## खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना ▸

# “आर्थिक तथा सामाजिक समानता: भोकमरीमुक्त गजुरी गाउँपालिका” को लागि रणनैतिक योजना निर्माण



आर्थिक तथा सामाजिक समानता, भोकमरीमुक्त गजुरी गाउँपालिकाको अवधारणालाई मूर्तरूप दिन गजुरी गाउँपालिकाले खाद्य तथा पोषण सुरक्षा रणनैतिक पञ्चवर्षीय योजना तयार गरेको छ।

योजना पुस्तिका विमोचन गर्दै संघीय प्रतिनिधि सभा सदस्य माननीय भूभि त्रिपाठीले “संविधानले प्रदान गरेका मौलिक हक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुतालाई संस्थागत गर्न गाँउपालिकाले देशमै पहिलो पटक महत्वपूर्ण योजना निर्माण गर्न सफल छ। अब सबै तह र वर्गको आर्थिक सम्वृद्धिको लागि विपन्न वर्गलाई पनि समेट्दै योजना कार्यान्वयनमा विशेष जोड दिनुपर्दछ” भन्नुभयो। भूमि व्यवस्था, कृषि तथा सहकारी र वन तथा वातावरण संसदीय समितिका सदस्य समेत रहनु भएका त्रिपाठीले शुभकामना व्यक्त गर्नु हुँदै समितिको तर्फबाट आवश्यक सहयोग जुटाउन पहल गर्ने पनि बताउनु भयो।

गाँउपालिका उपाध्यक्ष सीता ढुंगानाले भन्नुभयो, “भोकालाई माछा होइन, माछा मार्ने सीप दिनु पर्छ भन्ने नीति अनुसार गजुरी गाँउपालिकाले कामको शूरुवात गरेको छ। सबै परिवारको तथ्यांक अद्यावधि गरिसकेका छौ। अव ती परिवारको रुची अनुसारको पेशाव्यावसाय गर्न प्रेरित गर्दै स्वरोजगार, उत्पादन, खाद्य सुरक्षा वृद्धिमा जोड दिइने छ”।

खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना विमोचन कार्यक्रमका अध्यक्ष समेत रहनुभएका गाँउपालिका अध्यक्ष राजेन्द्र विक्रम बस्नेतले योजना निमार्णका प्राविधिक साझेदार फियान `पाललाई धन्यवाद दिदै योजना कार्यान्वयनमा गाँउपालिका लक्षित गैरसरकारी संस्थाहरूलाई योजनाले मार्गदर्शन गरे अनुसारका काम गर्न आग्रह गर्नुभयो। आफ्नो कार्यकालमै गजुरी गाँउपालिकालाई भोकमुक्त बनाउने योजना ल्याउन सफल भएको बताउँदै एक घर एक धारो, टोलटोलमा सडक, वडावडामा स्वास्थ्य इकाई, कृषि क्षेत्रमा प्रशस्त योजना सहित तरकारी संकलन केन्द्र निमार्ण भईरहेको बताउनु भयो।

> यसै गरी बझाङ्ग जिल्लाको थलरा र बित्थरचिरङगाउँपालिकामा पनि खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना अन्तिम चरणमा पुगेको छ। मस्यौदा योजना निर्माण भई उक्त गाउँपालिकाहरूको सम्बन्धित सरोकारवाला सँग परामर्श कार्यशाला मार्फत सुझाव संकलन गरिएको छ।

नागरिकरुको खाद्य अधिकार सुनिश्चित गर्नु राज्यको वा सरकारको दायित्व हो र त्यो दायित्व पुरा गर्न गजुरी गाँउपालिकाले नेपालमै पहिलो पटक खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना बनाएको छ। योजना बनाउन फियान नेपाललाई सझेदारी गर्ने अवसर दिनु भएकोमा गाँउपालिकालाई धन्यवाद दिदैं कार्यान्वयनमा प्राविधिक सहयोग गर्ने फियान नेपालका सचिव गोकर्ण रुपाखेतीले प्रतिवद्धता जनाउनुको साथै नागरिकलाई सुसुचित गराउने बताए।

भयो। माननीय बेली माया घलेले नेपालमा कानुन र नीतिको कुनै अभाव नरहेको बताउनुहुँदै कार्यान्वयनको अभाव मुख्य चुनौती रहेकोमा सबै सरोकारवालाहरूको सहकार्य हुनुपर्नेमा जोडदिनु भयो। माननीय बसुन्धरा हुमागाईंले खाद्य अधिकार कृषि उत्पादनसँग मात्र जोडिएको नभई श्रम, व्यवसाय, रोजगार, सामाजिक सुरक्षा, घरेलु अर्थतन्त्रसँग पनि जोडिएको छभन्नुभयो। महिला र बच्चाहरूको खानाको अधिकार सुरक्षित हुँदैन जबसम्म उनीहरूको घरेलु योगदानहरू आर्थिक मूल्यहरूको रूपमा गनिदैनन्। अन्तमा सबै सहभागीहरूले संघीय खाद्य अधिकार ऐनको प्रादेशीकरण गर्दै स्थानीय सरकारको ऐन कार्यान्वयनमा सबै सरोकारवालाहरूले सहजीकरण गर्नु पर्नेमा जोडदिनु भएको थियो।

# सुदुर पश्चिम विशेष

अन्तरदेशीय राज्यको दायित्व छोटकरीमा भन्नु पर्दा एउटा देशको कारणले अन्य देशको नागरिकहरुको मानव अधिकार तथा खाद्य अधिकार हनन् हुँदा सम्बन्धित देशहरुले सम्बोधनको लागि निर्वाह गर्नु पर्ने दायित्वहरू हुन् । विशेषगरी सीमावर्ती क्षेत्रहरुमा अन्तरदेशीय राज्यको दायित्वको परिपालना नहुँदा मानव अधिकार उल्लंघनका घट्नाहरू भइरहेका छन् । फियान नेपालले शुरुवात देखि नै खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि अन्तरदेशीय राज्यका दायित्वलाई विशेष महत्वका साथ उठान गर्दै आएको छ ।

प्रभावित समुदायको सवाल दस्तावेजीकरण र उठान गर्नुका अलावा उनीहरुलाई संगठित गर्ने र आफैं नेतृत्व गर्नका लागि क्षमता अभिवृद्धि गर्ने, नागरिक समाजको ऐक्यबद्धताका साथै दवाब सिर्जनाको लागि अभिमूखीकरण र क्षमता अभिवृद्धि गर्ने तथा सरोकारवाला सरकारी निकाय, स्थानीय तथा प्रदेश सरकारको ध्यानाकर्षण गर्ने कार्यहरु गर्दै आएको छ । जस्तै प्रदेश ५ को बाँके जिल्लामा भारतीय लक्ष्मणपुर बाँध तथा सीमा सुरक्षा सडकका नाममा निर्माण भएका संरचनाका कारण डुबान कटानबाट प्रभावित समुदायहरुको खाद्य अधिकारको सवाललाई पनि फियान नेपालले प्राथमिकताका साथ उठान गर्दै समस्या समाधानको लागि नेपाल सरकार र भारत सरकारलाई दवाब दिने कार्यहरू गरिरहेको छ । त्यसै गरी सुदुर पश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लाहरुका मुक्त कमैयाका खाद्य अधिकारका सवाल, भारतीय दुधवा राष्ट्रिय निकुञ्जका वन्यजन्तु प्रभावित किसानहरुका सवाल र महाकाली नदीको असमान सन्धिका कारण प्रभावित किसानहरुका सवालहरुमा फियान नेपालले प्राथमिकताका साथ सहजीकरण गरिरहेको छ ।

विसं. २०७२ मा फियान नेपालले नदी तथा बाँध प्रभावितहरुको खाद्य अधिकार हनन् भएको घटनाहरू दस्तावेजीकरण गरी प्रभावित समुदायहरुकै अगुवाईमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दर्ता गरेको थियो, जसको फलस्वरुप राष्ट्रिय मानव अधिकार आयोगले भारतीय सीमा क्षेत्रका २४ जिल्लाहरुको भ्रमण गरी “सीमा क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरुको मानव अधिकारको अवस्था” बारे अध्ययन तथा अनुगमन गरेको थियो । यस अध्ययनको प्रारम्भिक प्रतिवेदनले पनि अधिकांश सीमा क्षेत्रहरुमा भारतको कारण नेपाली जनताको खाद्य अधिकारका साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको हनन् भएको भनी निश्कर्ष निकालेको छ, जसले फियान नेपालले उठान गरेको अन्तरदेशिय राज्यका दायित्वका सवालहरुलाई वैधानिकता दिएको छ ।

## ▸ सवाल दस्तावेजीकरण

# महाकाली सन्धिको असरः आफ्नै पानीको समुचित उपयोग गर्न वञ्चित छन् नेपाली जनता

वि.सं. २०५२ साल माघ २९ गतेका दिन नेपाल र भारत सरकारवीच सम्पन्न शारदा बांध, टनकपूर बांध तथा पन्चेश्वर परियोजना समेत महाकाली नदीको एकीकृत बिकास सम्बन्धी सन्धिमा हस्ताक्षर भयो। यस सन्धिको धारा १.१ मा उल्लेखित सहमति अनुसार नेपाललाई शारदा बांधबाट बर्षायाममा २८.३५ घनमिटर प्रति सेकेण्ड (१००० क्यूसेक) तथा सुख्खायाममा ४.२५ (१५० क्यूसेक) पानी प्राप्त गर्ने अधिकार उल्लेख छ। यद्दपि सन्धि भएको २३ बर्ष भैसक्दा पनि नेपालले सो सन्धिअनुसारको पानी उपभोग गर्नबाट वञ्चित छ र परिणामस्वरुप नेपाली जनताहरू हिउँदमा पानीको अभावमा कृषियोग्य भूमि सिंचित गर्न सकिरहेका छैनन् भने बर्षामा पानीको अत्याधिक बहावका कारण डुबान, कटानको समस्या भेलिरहेका छन्। यसको विपरित भारतले सन् १९९२ देखि नै एकतर्फीरुपमा बाँध बनाई २०००० क्यूसेक क्षमताको नहरबाट पानी उपभोग गर्दै १२० मेगावाट बिजुली उत्पादन तथा सिँचाई गर्दै आएको छ। सन्धि अनुसार नेपालको पक्षमा कार्यान्वयन गरिनुपर्ने थुप्रै बुंदाहरू भारतको तर्फबाट कार्यान्वयन भएको छैन।

कन्चनपुर जिल्ला कृषिका लागि उर्वर जिल्लाको रुपमा परिचित छ र यहाँका अधिकांश घरपरिवारहरू कृषि पेशामा आवद्ध छन्। तर विडम्बना सिचाईका लागि बनाईएको महाकाली नहरमा नेपाल तर्फ पर्याप्त र समयमा पानी नआउदा खेतियोग्य जमिन बाँझै राख्नुपर्ने बाध्यता छ। यसकारणले कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ। महाकाली नदीको पानीको उपभोगमा भारतको एकाधिकारका कारण बर्षादमा बाढी संगै आउने बालुवा लगायत फोहरले नहरको सतह पुरिदै गएकोले नेपाल तर्फको नहरमा पानीको श्रोतमा कमी भई सिचाईको अभाव भई रहेको छ। मानव अधिकारको उपभोगको सन्दर्भमा राज्यका अर्न्तदेशिय दायित्व र मौलिक हकको रुपमा संवैधानिकरुपमा सुनिश्चित भएको खाद्य अधिकारको सवालसंग प्रत्यक्ष सरोकार राख्ने समुदायको यो सवालमा फियान नेपालले अक्टोवर २०१८ देखि सहजीकरण गर्दै आएको छ।



❖ नेपालतर्फ पानी जाने नहर



❖ भारततर्फ पानी जाने नहर

# महाकाली सिंचाई प्रभावित किसानहरु भिमदत्त नगरपालिकासँग सहयोगको माग



महाकाली सिंचाईबाट प्रभावित खाद्य अधिकार समूहले २०७६ असार १२ मा कंचनपुर जिल्लाको भीमदत्त नगरपालिकाका जनप्रतिनिधिहरूसँग खाद्य अधिकारको संरक्षणको लागि स्थानीय सरकारको सहयोगको माग गरेका छन्।

महाकाली सिंचाईका लागि नेपाल-भारत सन्धिका कारण नेपाली जनता मर्कामा परेको बारे छलफल गर्दै खाद्य अधिकार समूह सदस्य श्री शंकर सुनारले नेपाली कृषि उत्पादन प्रभावित भएसको जानकारी मेयर सुरेन्द्र बिष्ट समक्ष राख्नु भयो। खाद्य अधिकार समूहका अर्का सदस्य ज्योति रसाइलीले समुदाय महकालीको खोलामा छेउमा बसोबास गर्ने भएता पनि हिउँदमा सिंचाई गर्न पानी अभाव हुने र बर्षामा अत्यधिक बाढीका कारण डुबान हुने समस्याले खेतिपाति गर्न कठिनाई भईरहेको बताउनु भयो।

खाद्य अधिकार समूहका अध्यक्ष भरतसिंह धामीले सिंचाईका लागि पर्याप्त पानीको आपूर्ति र सिंचाई नहरहरूको नियमित मर्मतको लागि स्थानीय सरकारको ध्यानाकर्षण गर्नु भयो। जिल्ला खाद्य अधिकार सञ्जाल कञ्चनपुरका संयोजक कोमल निरंजन भाटले प्रभावित समुदायको सवाल प्रति ऐक्यबद्धता जनाउनुहुँदै महाकाली सिंचाई परियोजनाको असमान सन्धी प्रति चिन्ता व्यक्त गर्नु भयो र सम्बन्धित सरोकारवाला निकाय यस प्रति संवेदनशील हुन आग्रह गर्नु भयो। भीमदत्त नगरपालिकाका मेयर श्री सुरेन्द्र बिस्टले समुदाय र नागरिक समाजका सदस्यहरूको सुझावलाई मनन गर्दै स्थानीय सरकार कृषिमा सुधारका लागि गर्न आवश्यक सिंचाई प्रणालीको व्यवस्थापन गर्न तयार रहेको बताउनु भयो। तर महाकाली सिंचाई परियोजना नेपाल भारत बीचको द्वीपक्षीय सम्झौता भएकोले संघीय सरकारले यसको जिम्मेवारी लिनु पर्ने स्थानीय सरकारले आवश्यक सहयोग गर्ने बताउनु भयो।

# दुधवा राष्ट्रिय निकुञ्ज प्रभावितहरुको पुनर्वास नगरपालिकामा ज्ञापनपत्र



भारतीय दुधवा राष्ट्रिय निकुञ्ज प्रभावित खाद्य अधिकार समूहले ६ असार २०७६ मा पुनर्वास नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूसँग भेटघाट गरी राष्ट्रिय निकुञ्जका जंगली जनावरहरूको कारण उनीहरूका समस्याहरू परेको कुरा व्यक्त गरेका छन्।

खाद्य अधिकार समूहका अध्यक्ष श्री केशब प्रसाद तिमल्सिनाले हरेक वर्ष १५०० भन्दा बढी परिवार जंगली जनावरको आतंकबाट पीडित भईरहेको कुरा बताउनु भयो। जंगली हात्तीहरू एकै पटकमा ५० भन्दा बढी नेपाली जमीन तर्फ आउने र तिनीहरूले भित्र्याउन तयार भएको खेतीबाली तथा निजी सम्पत्तीहरू नष्ट गरिरहेको समस्या राख्नु भयो। त्यस्तै वित्तीय संस्थाहरूले सीमा क्षेत्रको जग्गा धितो राखी ऋण उपलब्ध नगराएको कारण स्थानीयहरू वैकल्पिक जीविकोपार्जनको अवसरबाट पनि वञ्चित हुनु परेको कुरा बताउनु भयो। पुनर्वास नगरपालिकाका मेयर जीवनराज थापाले वडा अध्यक्षहरू मार्फत राष्ट्रिय निकुञ्जको वन्यजन्तुहरूबाट हुने क्षतिलाई न्यूनीकरण गर्नको लागि योजना माग गर्ने पछि नगरपालिकाको योजनामा राखी बजेट बिनियोजन गर्ने जानकारी दिनुहुँदै नगरपालिकाले नेपाली जनता, भूमि र कृषिलाई जोगाउन २७ किमि लामो बिजुलीको तार राखिने बारे बताउनु भयो।

# प्रदेश मन्त्री दुधवा निकुञ्ज प्रभाव अनुगमनमा

सुदुरपश्चिम प्रदेश सरकारका कानुन तथा आन्तरिक मामिला मन्त्री प्रकाश बहादुर शाहले २०७६ असोज ५ गते आइतबार कञ्चनपुरको दक्षिण सीमा पुनर्वासमा वन्यजन्तु तथा हात्ती पीडित क्षेत्रको अवस्थिति बुझ्न भारतीय दुधवा राष्ट्रिय निकुञ्ज सिमा क्षेत्रका पुनर्वासका डोकेबजार, परासन तथा सीमावस्ती र बिचफाँटा लगायतका स्थलहरूमा अनुगमन तथा निरीक्षण गर्नु भएको छ। कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिकाका किसानहरूले भारतीय दुधवा राष्ट्रिय निकुञ्जबाट आउने जंगली हात्तीहरूबाट खेतीबाली, घर तथा जग्गाजमिन नोक्सानी हुँदै आएको पटक पटक गुनासो गर्दै आएका थिए। स्थानीय, प्रदेश र संघीय सरकारहरू समक्ष आफ्नो जिउधन र कृषि बालीको सुरक्षाको लागि माग गर्दै आएका पुनर्वासका कृषकहरूको



खाद्य अधिकार समुहले तीनै तहका सरकारहरूको ध्यानाकर्षण पश्चात मन्त्री शाहले सो क्षेत्रको निरीक्षण गरेका थिए। आइतबार मन्त्री शाहसँगै प्रदेश सभा सदस्य सांसद तारा लामा तामाङ र पुनर्वास नगरपालिकाका मेयर जीवन राज थापा सहितले वन्यजन्तु र हात्ती प्रभावित क्षेत्रको निरीक्षण गरेका थिए। मन्त्री शाहले यस समस्याको लागि प्रदेश सरकारले आवश्यक पहल गर्ने प्रतिब्रतिद्धता व्यक्त गर्नु भएको थियो।

# खाद्य अधिकार सम्बन्धी ऐन निर्माणमा सुदुर पश्चिम प्रदेश सरकार सकारात्मक



यसैगरी फियान नेपालले डिसिएको सहयोग र याक नेपालसँगको सहकार्यमा २०७६ आश्विन ९ गते सुदुर पश्चिम प्रदेशको धनगढी उपमहानगरपालिकामा "खाद्य अधिकार तथा खाद्य सम्प्रभुत्ता सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका" सम्बन्धी एक अन्तर्क्रिया कार्यक्रम आयोजना गर्‍यो। उक्त कार्यक्रममा प्रदेश सभाका माननीय सदस्यहरू, प्रदेश सरकारका मन्त्री तथा कर्मचारीहरू, विषयगत समितिका प्रमुखहरू, नागरिक समाज र सञ्चार माध्यमका प्रतिनिधिहरू गरी ७६ जनाको सहभागिता रहेको थियो।

नागरिक समाजका प्रतिनिधिहरूले खाद्य अधिकार उल्लंघनका सवालहरूबारे नीति निर्माताहरूको ध्यानाकर्षण गर्दै खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐनको प्रावधान अनुसार आवश्यक संयन्त्रहरूको निर्माण गर्न आग्रह गरे।

भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालयका कार्यवाहक सचिव श्री खगेन्द्र प्रसाद शर्माले सुदुर पाश्चिम प्रदेशले धेरै नीति र प्रावधानहरू बनाएको तर उनीहरूको उचित कार्यान्वयनको अभाव रहेको बताउनुभयो। यसैले राम्रो र प्रभावकारी कार्यान्वयनका लागि ध्यान दिइनुका साथै खाद्य अधिकार र खाद्य सुरक्षा सम्बन्धी जन चेतना सबै तहमा आवश्यक रहेको बताउनु भयो। प्रदेश सभा अन्तर्गतको आर्थिक विकास र प्राकृतिक संसाधन समितिका अध्यक्ष श्री हर्क बहादुर कुँवरले प्रदेश सरकारले खाद्य अधिकार सम्बन्धी विधेयक निर्माण गर्न लागेको कार्यक्रममा बताउनु भयो। कार्यक्रमका मुख्य अतिथि प्रदेश सभाका सभामुख माननीय श्री अर्जुन बहादुर थापाले सुदुर पाश्चिम प्रदेशले खाद्य सम्प्रभुत्ता सम्बन्धी कानुनी छलफल शुरु गर्नु पर्नेमा जोड दिँदै खाद्य अधिकार सुनिश्चित गर्न बालीहरूको संरक्षणमा पनि ध्यान दिन आवश्यक रहेको कुरा बताउनु भयो।

# सुदुर पश्चिम प्रदेश स्तरीय सञ्चारकर्मीहरुको खाद्य अधिकार सञ्जाल निर्माण



मिति ३ र ४ असार २०७६ मा सुदुर पश्चिम प्रदेशका ३८ जना सञ्चार कर्मीहरुको उपस्थितिमा सम्पन्न खाद्य अधिकार सम्बन्धी २ दिने कार्यशालाले पत्रकार श्री अर्जुन शाहको नेतृत्वमा सञ्चारकर्मीहरुको सुदरपश्चिम प्रदेश स्तरीय खाद्य अधिकार सञ्जाल निर्माण गरेको छ। सुदुर पश्चिम प्रदेशमा भईरहेका खाद्य अधिकारका सवालहरु आ-आफ्ना सञ्चार माध्यमहरु मार्फत उठान गर्दै सरो कारवालालाई उत्तरदायी बनाउन भूमिका खेल्ने प्रतिबद्धताका साथ उक्त सञ्जाल निर्माण भएको सञ्जालको नवनियुक्त संयोजक तथा सञ्चारकर्मी अर्जुन शाहले बताउनु भयो।

कार्यक्रममा सहभागीहरुले रिपोर्टिङ्को दौरानमा अनुभव गरेका खाद्य अधिकारका सवालहरुको बारेमा जानकारी गराएका थिए। सुदुर पश्चिम प्रदेशको बभाङ्ग, बाजुरा, अछाम, बैतडी र दार्चुला जिल्लाको दुर्गम क्षेत्रहरुमा खाद्यान्न अभावमा विशेषगरी महिला तथा बालबालिकाहरु कुपोषणको सिकार भइरहेको, रोजगारीको अभावमा युवा जमात प्राय: भारत र खाडी मुलुकमा पलायन भई जग्गा बाँझो रहेको, किसानलाई खेती व्यवसायमा आकर्षित गर्ने खालको नीति र कानुनको अभाव रहेको, अव्यवस्थित सडक निर्माणले जोखिम तथा विस्थापन बढाएको, गुणस्तरहीन खाद्यान्नको कारणले दुर्गम क्षेत्रमा पनि विभिन्न किसिमका दीर्घकालीन रोगहरु बढेको जस्ता सवालहरु प्राथमिकताका साथ उठाएका थिए।

कार्यक्रमका प्रमुख अतिथि तथा सुदुर पश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री श्री प्रकाश बहादुर शाहले सुदुर पश्चिम प्रदेश सरकारले सुधारिएको कृषिलाई केन्द्रित गर्ने नीति र कार्यक्रमहरू ल्याउन लागेको जानकारी दिनु हुँदै ग्रामीण क्षेत्रमा सडक निर्माणमा वातावरण मैत्री नीति र सरकारले तोकेको मापदण्डको प्रयोग बिना डोजर सञ्चालनमा कडाई गर्न लागेको पनि बताउनु भयो।

# खाद्य अधिकारका प्रवर्द्धनमा कञ्चनपुर जिल्ला खाद्य अधिकार सञ्जाल सकृय

कञ्चनपुर जिल्ला खाद्य अधिकार सञ्जाल जिल्लाका खाद्य अधिकार सम्बन्धी मुद्दाहरू सशक्त रुपमा उठान गर्न शुरु गरेको छ। सिफारिश नभएको गुणस्तरहीन केराको बीउ (G9) साना किसानलाई वितरण गरिएको र केरा खेती नफस्टाएको कारणले किसानहरू खाद्य अधिकारको दृष्टिकोणबाट प्रत्यक्ष प्रभावित भएको बिषयलाई प्राथमिकताका साथ सरोकारवाला सरकारी निकायमा उठान गरेका छन्। बीउ आपूर्तिकर्ता र बितरकहरूले उनीहरूको खाद्य अधिकार हनन गरेको हुनाले प्रभावित कृषकहरूलाई क्षतिपूर्ति उपलब्ध गर्नुपर्दछ भन्दै ज्ञापन पत्र पनि बुझाएका छन्। २ चैत्र २०७५ मा सम्पन्न सञ्जालको बैठकले केरा खेती असफल भएको कारण पीडित किसानहरूको मुद्दाहरू सामूहिक रुपमा वकालत गर्नको लागि अन्य नागरिक समाजसँग सहकार्य गर्नु पर्ने भन्दै जिल्ला सञ्जालले रणनैतिक योजना पनि तयार गरेको छ।



# मुक्त हलियाको नगरपालिकामा ज्ञापनपत्र



बाजुरा जिल्लाको बुढिनन्दा नगरपालिकाको मुक्त हलिया खाद्य अधिकार समूहले १३ असार २०७६ मा नगरपालिका कार्यालयमा मेयर श्री पदम कुमार गिरी समक्ष समुदायको खाद्य अधिकार हनन् भइरहेको सम्बन्धी जानकारी गराउँदै नगरपालिकाको पहलको माग गरेका छन्।

नगरपालिका कर्मचारी, मुख्य कार्यकारी अधिकृत र पत्रकार उपस्थित रहेको उक्त भेटमा सबै सरोकारवालाहरूले मुक्त हलिया खाद्य अधिकार समुदायको सवालमा ऐक्यबद्धता प्रकट गरो खाद्य अधिकार समूहका सदस्य उज्जानी सार्कीले प्रतिनिधिमण्डलको तर्फबाट मेयरलाई ज्ञापनपत्र हस्तान्तरण गरे। ज्ञापनपत्रमा सरकारको ५ बुँदे सहमति कार्यान्वयन गर्नुपर्ने, समुदायको लागि उपयुक्त पुनर्वास कार्यक्रम लागु गर्नु पर्ने, प्रत्येक हलिया परिवारलाई न्यूनतम ५ कठ्ठा जग्गा उपलब्ध गराउनु पर्ने, वैकल्पिक जीविकोपार्जनका कार्यक्रममा हलिया समुदायलाई समावेश गर्नु पर्ने, सुचीकृत नभएका हलिया समुदायको पुन: सर्वेक्षण गर्नुपर्ने जस्ता मागहरू राखिएको थियो। ज्ञापनपत्र बुझ्दै मेयर गिरिले नगरपालिकाको तर्फबाट समुदायलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# मुक्त हलियाको अवस्था बुझ्न प्रदेश सरकार बाजुराको बुढिनन्दा नगरपालिकामा



सुदुर पश्चिम प्रदेश सरकारको आन्तरिक मामिला र कानुन मन्त्री मन्त्री माननीय श्री प्रकाश शाह र प्रदेश सभा सदस्य माननीय श्री बलदेव रेग्मी सहित राजनीतिक दलका प्रतिनिधि, पत्रकार बाजुरा जिल्लाको बुढिनन्दा नगरपालिकामा बसोबास गरिरहेका मुक्त हलिया समुदायको मिति ७ चैत्र २०७५ मा अवलोकन तथा अनुगमन भ्रमण गर्नु भएको छ। उक्त भ्रमणमा बाजुरा जिल्लामा मुक्त हलियाहरूको खाद्य अधिकारको अवस्था बारे समूहका सदस्यहरूसँग छलफल तथा कुराकानी भएको थियो। हलिया खाद्य अधिकार समूहका सदस्य उज्जैनी सार्कीले हलियाहरूको समस्याको बारेमा ज्ञापनपत्र वाचन गर्दै मन्त्रीलाई हस्तान्तरण गर्नु भएको थियो। समुदायका अन्य सहभागीहरूले पनि बुढिनन्दा नगरपालिकामा बसोबास गरिरहेका ४८ हलिया परिवार मध्ये २८ घरपरिवार मात्र हलिया वर्गीकरणमा सूचीकृत भएको जानकारी दिएका थिए। यद्यपि सूचीमा परेका र नपरेका हलियाहरू आधारभूत सेवा सुविधाबाट वञ्चित भई खाद्य अधिकारको हनन भएको बारे नीति निर्माताको ध्यानाकर्षण गराएका छन्। १० बर्ष अघि नेपाल सरकारले हलिया परिवारलाई स्वतन्त्र भएको घोषणा गरे पनि मुक्त हलिया समुदायसँग भएको ५ बुँदे सम्झौता कार्यान्वयन हुन ढिलाई भएको कुरा व्यक्त गरेका थिए। उचित र पर्याप्त पुनर्स्थापना कार्यक्रमहरूको अभावमा मुक्त हलिया समुदायका सदस्यहरू आफ्ना परिवारका दुई छाक खानाको आवश्यकता पूरा गर्न अझैपनि अघोषित रूपमा साहुको हलिया बस्न बाध्य भएको कटु यथार्थ पोखेका छन्। यसका अलावा हलिया परिवारले समुदायका महिलाहरू समस्याहरू जस्तै: कुपोषण, स्वास्थ्य समस्याहरू, गर्भवती र स्तनपान गराउने आमाहरूलाई पर्याप्त र पौष्टिक खाना आदिमा पहुँचको सवाल पनि उठान गरेक छन् र प्रदेश सरकारबाट सहयोगको अनुरोध गरेका छन्। समुदायको ज्ञापनपत्र स्वीकार गर्दै छलफलको क्रममा मन्त्री शाहले प्रदेश सरकारबाट समुदायहरूको समस्यालाई सम्बोधन गर्न आवश्यक कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।

अध्ययन

# अव्यवस्थित सडक निर्माणका कारण जनजीविकामा परेको असरको अध्ययन प्रतिवेदनमा जिल्ला तथा प्रदेश स्तरीय छलफल

फियान नेपालले वि. सं. २०७३ देखि नै अव्यवस्थित सडक निर्माणका कारण समुदायको खाद्य अधिकार हनन् भएको विषयलाई बझाङ्ग जिल्लाको आमबगरमा निर्माणाधीन जडार-कोइरालाकोटसडकबाट विस्थापित दलित परिवारको मुद्दालाई नमुनाको रुपमा शुरूवात गरेको थियो।

यस क्रममा जिल्ला स्थित सरोकारवालाहरू र हाल स्थानीय तथा प्रदेश सरकार, जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज आदिसँग पटक पटक छलफल गर्दा जिल्लाका अधिकांश ठाउँहरू नै यस्ता अव्यवस्थित सडक निर्माणको कारणले प्रभावित भइरहेको र समुदायहरू विस्थापित हुनु परिरहेको कुरा उठेको थियो।

जिल्लाका सरोकारवाला सरकारी तथा गैर सरकारी निकायको सुझाव अनुसार एक विस्तृत अध्ययन गर्न आवश्यक ठानेर फियान नेपालले युएमएन सँगको साझेदारीमा खाद्य अधिकारको दृष्टिकोणबाट बझाङ्ग जिल्ला केन्द्रित सडक निर्माणहरूको असरहरूबारे अध्ययन गरेको थियो। सडक निर्माण नै विकासको पहिलो आधारको रुपमा अधिकांश स्थानीय सरकारहरूको बुझाई रहेको पाईन्छ।

तथापी सडक निर्माण गर्दा तोकिएको वातावरणमैत्री नीति र मापदण्डहरूको पालना नभएको अध्ययनले देखाएको छ। फलस्वरुप विकास निर्माणका कार्यहरू कार्यान्वयन गर्दा वातावरण र अन्य प्राविधिक पक्षहरू उपेक्षित भएकोले प्राय: सबै पहाडहरूमा क्षति पुगेको छ।

वातावरणीय प्रभाव मूल्यांकन र दीर्घकालीन असरहरूलाई विचार नगर्दा भूस्खलन, पहिरो, उर्वर खेतीयोग्य जमीन मरुभूमीकरण, पानीको स्रोतहरू सुक्दै जाने, उत्पादनको स्रोत विनाश हुने, अत्याधिक सडक दुर्घटना हुने आदि जस्ता समस्याहरू देखिन थालेको छ। विकास कार्यहरूमा अत्यावश्यक हुदाहुँदै पनि त्यस्ता गतिविधिबाट हुने मानवअधिकार हनन् प्राय: उपेक्षित हुन्छन् र जनताले कष्ट भोग्नु पर्छ। धेरै जसो अवस्थामा सीमान्तकृत, कमजोर र गरिब समुदायहरू बढी प्रभावित हुने र आफ्नै स्थानबाट अनपेक्षित विस्थापन हुन बाध्य हुने अध्ययनको मुख्य निष्कर्ष रहेको छ।

तसर्थ, यस्ता सवालहरूको उजागर गर्दै स्थानीय, प्रदेश र केन्द्र सरकारलाई नीति निर्माण र आवश्यक कदम चाल्नको लागि अनुरोधका साथै सुझावहरू प्रदान गर्नु अध्ययनको उद्देश्य रहेको छ।

## बझाङ्ग जिल्ला

बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरमा २०७६ जेठ २७ गते सरोकारवालाहरूसँग अध्ययनको मस्यौदा प्रतिवेदन उपर छलफल गरियो। जिल्ला समन्वय समितिका प्रमुख खड्क बहादुर खड्काको अध्यक्षतामा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि संघीय संसदका माननीय सदस्य श्रीचन्द्र जोशी हुनुहुन्थ्यो। थलारा गाउँपालिका सदस्य श्री श्याम सुनारले, "विकासले विनाश र प्राय: दलित समुदायको प्रभावित भएको अध्ययनले स्पष्ट गरेको छ।

थलारा गाउँपालिकाले दलित समुदायको उत्थानको लागि कार्यक्रमहरू ल्याएको छ र यो अन्य गाउँपालिकाहरूको लागि पनि उदाहरण हुनसक्दछ" भन्नुभयो। यसैगरी सइपाल गाउँपालिका अध्यक्षले स्थानीय स्तरको साना विकास आयोजनाहरूमा मानव संसाधन प्रयोगमा जोड दिंदै रोजगारीका अवसर सिर्जना गर्न आवश्यक भएको बताउनु भयो। प्रमुख जिल्ला अधिकारी श्री सुरेश सुनार अध्ययन प्रतिवेदनको तथ्याङ्कहरूले चिन्तित बनाएको बताउनु हुँदै मापदण्ड र गुणस्तरहीन सडकहरू जीवन लिने राक्षसहरूजस्तै भएको बताउनु भयो।



छबिसपाथीभेरा गाउँपालिकाका उपाध्यक्षले, "मानिसहरू बिस्तारै सुविधामुखि हुन थाले। एक घण्टा पैदल दूरीको लागी घण्टौं गाडी कुर्न सक्छौं तर हिड्दैनौं। यस मानसिकताले राजनीतिक दल र नीति निर्माताहरूलाई सडक निर्माण गर्न दबाब सिर्जना गरेको छ। केही हदसम्म, सडक निर्माणले दुर्गम क्षेत्रहरूमा प्रशस्त अवसरहरू सिर्जना गरेको छ, यसबाहेक सबै सम्बन्धित सरोकारवालाहरूले यसको नकारात्मक पक्षहरू पनि हेर्न आवश्यक छ" भन्नुभयो।

कार्यक्रमका अध्यक्ष खड्क बहादुर खड्काले अव्यवस्थित सडक निर्माण र विकास आयोजनाहरू बझाङ्ग जिल्लाको मुख्य चुनौती रहेको बताउनु भयो। संघीयता कार्यान्वयनको पहिलो बर्षमा स्थानीय सरकारले ठूलो बजेट प्राप्त गरेको र सडक निर्माण नै पहिलो विकास भएको मानसिकताको कारण सडकहरू अव्यवस्थित रुपमा निर्माण भईरहेकोले विकासले विनाश पनि ल्याएको बताउनु भयो। उनले स्थानीय सरकारका प्रतिनिधिहरूले दिगो विकासको बारेमा सोच्न पर्ने र कमजोर समुदायको जीविकोपार्जन सुधारमा विशेष ध्यान दिनुपर्ने बताउनु भयो।

## सुदुर पश्चिम प्रदेश



कैलाली जिल्लाको धनगढीमा २०७६ असार २ गते सुदुर पाश्चिम प्रदेश स्तरीय सरोकारवालाहरू बीच अध्ययन प्रतिवेदन बारेमा छलफल गरियो। यस कार्यक्रमको मुख्य उद्देश्य बभाङ्गमा सडक निर्माणको प्रभावमा र समस्या समाधानको लागि प्रदेश तहका सरकारी सरोकारवाला र नागरिक समाजका सदस्यहरूलाई संवेदनशील बनाउनु र स्थानीय तहमा सडक निर्माणसम्बन्धी नीति निर्माण र कार्यान्वयनमा दबाब सिर्जना गर्नु रहेको थियो। कार्यक्रमको मुख्य अतिथि माननीय मन्त्री श्री प्रकाश बहादुर शाह रहनु भएको थियो भने प्रदेश सभा सदस्य, राजनीतिक दल, नागरिक समाजका अभियन्ता तथा पत्रकारहरूको कार्यक्रममा उपस्थिति रहेको थियो।

सडक निर्माणको कारण अछाम जिल्लाका प्रभावित प्रतिनिधि श्री प्रेमबहादुर शाहले फियान नेपालको अध्ययन प्रतिवेदनले उल्लेख गरेका तथ्यहरूलाई समर्थन गर्दै आफ्नो अनुभवहरू सुनाउनु भयो। बाजुरा जिल्ला खाद्य अधिकार सञ्जालका संयोजक श्री मदन जोशीले पनि बाजुरा जिल्लामा भइरहेका यस किसिमका विकास कार्य र प्रभावहरूको बारेमा बताउनुभयो।

राष्ट्रिय मानव अधिकार आयोग, धनगढीका प्रतिनिधी श्री झाँकर बहादुर रावलले सुदर पश्चिम प्रदेशमा स्थानीय आयोगले यस प्रकारको विकास कार्यमा निगरानी गरिरहेको बताउनुभयो। साथै अन्य सहभागीहरूले पनि आ-आफ्नो क्षेत्रमा भइरहेको यस्ता विकासले निम्त्याएको विनाशहरूका बारेमा बताउनु भएको थिए। प्रदेश सभा सदस्य माननीय श्री भरतबहादुर खड्काले सुदुर पश्चिम प्रदेश विशेषगरि डोटी, डडेलधुरा, बैतडी, बाजुरा, अछाम, दार्चुला आदि जिल्लाका विकट ठाउँहरू डोजर आतंकबाट सबैभन्दा बढी पीडित भएको बताउनु भयो।

यस किसिमको अध्ययन पुरै प्रदेशमा आवश्यक रहेको बताउनु भयो। त्यसैगरी माननीय श्री बलदेव रेग्मीले अध्ययनको समर्थन गर्दै, "विभिन्न ठाउँहरूमा वैज्ञानिक मापदण्ड बिना सडक निर्माण भइरहेको छ जुन हानिकारक छ। यस किसिमको विकास कार्यले हाम्रा प्राकृतिक स्रोतहरू, भूमि, पानी र जंगलमा असर पुऱ्याउँछ। नीतिनिर्माताको रूपमा हामी हाम्रो निर्वाचन क्षेत्रमा जनजागरण कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयास गर्नेछौं", भन्नुभयो।

साथै सडककै कारण दुर्गम क्षेत्रमा खाद्यान्न सहज र सुपथ मूल्यमा वितरण हुनसक्ने तर्फ पनि ध्यान दिन सुझाव दिनु भयो। कार्यक्रममा उपस्थित माननीय प्रदेश सभा सदस्यहरूले प्रदेश सरकारले यस्ता विकास कार्यहरूको लागि उचित कानुन निर्माण गर्दै कार्यान्वयनमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

## प्रभाव

फियान नेपालको पहल प्रयास, प्रभावित समुदायको वकालत पैरवी र नागरिक समाजको दवाबको कारण नेपाल सरकार अव्यवस्थित डोजर सञ्चालनमा कडाई गर्नको लागि र नेपाली जनताको रोजगारीको हक सुनिश्चितताको लागि रोजगारीको हकसम्बन्धी ऐन, २०७५ जारी गरेको छ जसको **"दफा ८:रोजगार कार्यक्रम सञ्चालन गर्नेउपदफा (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्नेछ।"** भनी व्यवस्था गरेको छ। सोही ऐनको रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ समेत तयार गरेको छ जसको **परिच्छेद ५ रोजगारी सम्बन्धी व्यवस्थाको दफा १९ को उपदफा (२) "नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरू र स्थानीय तहहरू सबैले रु. एक करोडसम्म लागत अनुमानभएका आयोजनाहरू सञ्चालन गर्दा प्राविधिक दृष्टिकोणबाट मेशिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको प्राविधिक टोलीले सिफारिस गरेको अवस्थामा बाहेक सबै आयोजनाहरूमा श्रमिकको उपलब्धता भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ।"** भनी अनावश्यक डोजर सञ्चालनमा रोक लगाएको छ। त्यसैगरि सुदुरपश्चिम प्रदेश सरकारले"स्वरोजगार विकास कोष ऐन, २०७५" र "सुदुरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७५" जारी गर्दै विकास गर्दा सम्भावित विनाशको न्यूनीकरण र मानव हितको लागि रोजगारीको सिर्जना र डोजर सञ्चालनमा कडाई गरेको छ।

गतिविधि

# खाद्य अधिकार दाबीको लागि समुदायको क्षमता अभिवृद्धि तथा वकालत पैरवी

खाद्य अधिकार हनन् प्रभावित समुदायहरूको खाद्य अधिकार दावी गर्न र आफ्नो सवालको नेतृत्व आफै गर्नको लागि क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरू जस्तै अभिमुखिकरण, तालिम, वकालतरपैरवी शीप विकास, संस्थागत विकास, नेतृत्व विकास आदि सम्पन्न भएको छ। फलस्वरूप समुदायहरूले आफ्नो सवालको सम्बोधन गराउनको लागि विभिन्न तहको सरकारबाट सेवा सुविधामा उनीहरूको पहुँच वृद्धि हुनुका साथै खाद्य अधिकार बाहेक अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको समेत दाबी गर्न सक्ने भएका छन्।

# मुक्त कमैयाको स्थानीय सरकारमा डेलिगेशन

कैलाली जिल्लाको कैलारी गाउँपालिका, शिवरत्नपुरमा बसोबास गर्ने मुक्त कमैया खाद्य अधिकार समूहले वाडा, गाउँपालिका र जिल्लाका सम्बन्धित कार्यालयहरूमा आफ्नो सवाल सम्बोधनको लागि माग गर्दै आवश्यक सहयोगको अपिल गरेका छन्। आफुहरू बसोबास गरि आएको जमिनको स्वामित्व हुनुपर्ने, मोहाना नदीमा पुल निर्माण गर्नु पर्ने र भारतीय दुधवा राष्ट्रिय निकुञ्जको जंगली जनावरहरूबाट सुरक्षा हुनुपर्ने मागहरू राखि सम्बन्धित सरोकारवालालाई मिति २०७५ माघ २९ गते ज्ञापनपत्र बुझाएका छन्।



कैलारी गाउँपालिका वडा नं. ३ का अध्यक्ष श्री कैलाश कुश्मीले समुदायको माग उपर आफ्नो कार्यक्षेत्रले भ्याए जति सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

"जग्गाको लालपुर्जा स्थानीय सरकारको जिम्मेवारी होईन तर उनीहरूले त्यस ठाउँमा बसोबास गरि आएको सिफारिस गर्न सक्छ", भन्नुभयो। यसैगरी कैलारी गाउँपालिका अध्यक्ष श्री लाजुराम चौधरीले पुल निर्माण र अन्य आधारभूत सुविधाका लागि गाउँपालिकाले बजेट विनियोजन गरेको र अन्य सहयोगको लागि प्रदेश सरकारसँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। यद्यपि सीमा क्षेत्रका मुद्दाहरू द्वीपक्षीय भएको हुँदा संघीय सरकारलाई अनुरोधकोलागि पहल गर्ने बताउनु भयो। समुहले जिल्ला नापी कार्यालय, धनगढीमा पनि गएर जग्गा दर्ताको प्रकृयाबारे बुझेका थिए।

# साना किसानहरु मल बीउको सहज पहुँचको मागका साथ नगरपालिकामा

नेपाल सरकारले साना कृषकहरूलाई अनुदानको मलबीउ उपलब्ध गराउँदै आए पनि भौगोलिक दृष्टिले विकट बाजुरा जिल्लाका विशेष गरी बुढिनन्दा नगरपालिकाका किसानहरू खेतीको समयमा अनुदानको मलबीउको पहुँचबाट वञ्चित छन्। यसै सन्दर्भमा साना किसानहरूका खाद्य अधिकार समूहले २०७५ असार १५ गते बुढिनन्दा नगरपालिका कार्यालयमा मेयरलाई भेटी आफ्नो समस्या राख्नुका साथै सहयोगको माग गरेका छन्। उर्वर भूमिहुनको बावजुद पर्याप्त मलबीउको अभावले जग्गा बाँभो रहेको खाध्य असुरक्षा बढिरहेको चिन्ता प्रति जनप्रतिनिधिको ध्यानाकर्षण गराएका छन्। सहज मलबीउ र सिँचाइ सुविधाको उचित व्यवस्था, माटो परीक्षण र सोही अनुसारको बीउको उपलब्धता र अन्य वैकल्पिक जीविकोपार्जनका अवसरमा साना किसानको पहुँच माग गर्दै ज्ञापनपत्र बुझाएका थिए।



नगरपालिकाका मेयर श्री पदम कुमार गिरीले प्रभावित समुदायको ज्ञापनपत्र स्वीकार गर्दै साना किसानहरूका समस्याहरू केन्द्रित उचित कार्यक्रमहरू तयार गर्ने प्रतिबद्धता व्यक्त गरे। साथै स्थानीय खाध्य तथा पोषण सुरक्षा योजना निर्माण गरी किसानहरूको माग सम्बोधन गर्ने बताएका छन्।

गतिविधि

# भुकम्प प्रभावित समुदायको खानेपानी र आवास निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय



वि.सं. २०७२ को भूकम्पको कारणले खानेपानी मुहान सुक्न गई स्वच्छ खानेपानीबाट वञ्चित काठमाण्डौं जिल्ला दक्षिणकाली नगरपालिका, छैमलेका भूकम्प प्रभावित खाद्य अधिकार समूहले सम्बन्धित सरोकारवला निकाय, संघीय सरकार, प्रदेश सरकार - खानेपानि डिभिजन कार्यालय भक्तपुर र स्थानीय स्तरमा वकालत पैरवी गर्दै खानेपानी आयोजना प्राप्त गर्न सफल भएका छन्। संगठित र सशक्त खाद्य अधिकार समूहले प्रदेश ३ का मुख्यमन्त्री, सम्बन्धित मन्त्रालयहरू र खानेपानी विभागको कार्यालयमा पटक पटक ज्ञापन पत्र पेश गर्दै आफ्नो मागको सुनवाईको लागि दवाब सिर्जना गरेका छन्। फलस्वरूप, समुदायले खानेपानी आयोजना प्राप्त गरी प्रदेश खानेपानी डिभिजन कार्यलय भक्तपुर र उपभोक्ता समितिबीच आयोजना कार्यान्वयनको सम्झौता भएको छ।

मुख्यमन्त्री डोरमणि पौडेलले खाद्य अधिकार समुदायले पेश गरेको खानेपानीको प्रस्तावना अनुरुप योजना कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो र आवश्यक कारबाहीको लागि प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिनु भएको थियो। तर खानेपानी योजनाको समय लम्बिदै जाँदा लागत रकम पनि बढ्दै जाने हुनाले समुदायका सदस्यहरूले उक्त आयोजना सम्पन्न गर्नको लागि संघीय स्तरका सम्बन्धित सबै मन्त्रालयहरूमा आफ्नो समस्या जानकारी गराई खानेपानी आयोजना सम्पन्न गर्न अनुरोध गर्दै आएका छन्। यसका साथै उक्त वडाका तामाङ्ग समूदायका भुकम्प प्रभावित समुदायले भुकम्पमा भत्किएको आफ्नो आवास पुन निर्माणको लागि संघर्ष गर्दै आएका छन्। हालसम्म जम्मा २६ घरधुरीले आवास पुन निर्माण सम्पन्न गरेका छन् भने अन्यले पहिलो किस्ता प्राप्त गरी दोश्रो किस्ताका लागि अनुरोध गरेको छन।

# फौजी किरा प्रभावित किसानहरुको वकालतमा सहजीकरण



आर्थिक बर्ष २०७६।७७ मा बाँके र बर्दिया लगायत अधिकांश जिल्लाहरुमा फौजी किराको प्रकोप देखा पर्‍यो।

कृषि ज्ञानकेन्द्र नेपालगञ्जका अनुसार बाँके जिल्लामा मात्रै कुल ३६,५०० हेक्टर क्षेत्रफलमा धान खेति गरिएकोमा झन्डै ४७ प्रतिशत धानबालीमा फौजी किराले क्षति पुरयाएको थियो। बिषादीको अभावले गर्दा किराको नियन्त्रण समयमा नै गर्न नसकिएकोले २० हजार हेक्टर धानबालीमा क्षति भयो। फौजी किराको प्रभाव अक्रामक रुपमा बढ्दै गएपछि किसानहरू धान नपाक्दै काट्न बाध्य भएका थिए।

डुडुवा गाउँपालिका स्थानीय खाद्यअधिकार सञ्जालको अगुवाईमा र वडा न. ६ को कार्यालयको समन्वयमा २०७६ असोज २८ का दिन गाउँपालिकाको भारतको सिमानासँग जोडिएको प्रभावित क्षेत्र संयुक्त रुपमा अनुगमन गरिएको थियो। उक्त अनुगमन टोलीले वडा अध्यक्ष गोकर्ण मिश्राको अध्यक्षतामा कार्त्तिक १ गते स्थानीय खाद्यअधिकार सञ्जाल, नागरिक समाज तथा राजनैतिक दलका प्रतिनिधिको संयुक्त उपस्थितिमा फौजी किरा पिडित सघंर्ष समिति गठन गरी फियान नेपालको सहजीकरणमा धानबालीमा लागेको फौजी किराहरुको प्रकोपले भएको हानी नोक्सानीको यकिन गरि पीडित किसानहरूलाइ उचित क्षतिपुर्तिको ब्यवस्था गर्नु भनी भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेका छन्। सोही अनुरुप कृषि ज्ञान केन्द्रमार्फत प्रभावितहरुको तथ्याङ्क संकलनको

## मानव अधिकार दिवस

# ४०औं सामाजिक सेवा दिवस सम्पन्न

**"सुखि र समृद्ध राष्ट्रिय सोच, समाज विकास हाम्रो अठोट"** भन्ने मूल नाराका साथ समाज कल्याण परिषद्ले असोज ५ र ६ गते ४० औं सामाजिक सेवा दिवसको आयोजना गरेको थियो। उक्त अवसरमा परिषद्ले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरूलाई कार्यक्रम भव्य र सभ्य बनाउन अनुरोध गरेको थियो। परिषद्को अनुरोध भए अनुसार फियान नेपाल र राष्ट्रिय कृषक समूह महासंघले उक्त कार्यक्रममा संयुक्त रुपमा संस्थाको पाठ्य र श्रब्यदृष्य सामाग्रीहरूको स्टल राखेर सर्वसाधरणमा खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता, साना कृषक, महिला कृषक तथा भूमिहीन कृषक तथा उनीहरूको सवाल र चुनौति सम्बन्धी जनचेतना वृद्धि गर्ने कार्य गरिएको थियो। संस्थाको स्टल विभिन्न सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधि, काठमाण्डौ भित्र तथा बाहिरका स्कूल तथा क्याम्पसका विद्यार्थी, शिक्षक लगायत २४ जिल्लाका लगभग ३६७ विभिन्न पेशाकर्मीहरूले अवलोकन गरेको थियो। अवलोकन सहित उनीहरूले संस्थाको प्रकाशित सामाग्रिहरूको अध्ययन समेत गरेको थियो।




# राष्ट्रिय दिगो विकास समीट २०७६ सम्पन्न




राष्ट्रिय दिगो विकास समीट तथा दिगो विकास लक्ष्यको चौथो वार्षिकोत्सव २०७६ असोज ८ गते भव्यताका साथ सम्पन्न भएको छ। कार्यक्रममा ३ सय भन्दा बढी नागरिक समाज संघ संस्था र सञ्जालहरूको सहभागिता रहेको थियो भने कार्यक्रमको मूल आयोजक गैर सरकारी संस्था महासंघले रहेको थियो। दिगो विकास लक्ष्यको १६ वटा लक्ष्यहरूमा केन्द्रित रहेर प्रतिवेदन तयार गर्ने र उक्त प्रतिवेदनहरूलाई एकीकृत गरी एउटै मूल प्रतिवेदन तयार गर्ने उद्देश्य अनुरुप फियान नेपालले **"लक्ष्य न.२: शुन्य भोकमरी"** केन्द्रित प्रतिवेदन तयारीको जिम्मेवारी लिएको थियो।

फियान नेपालले कृषि, साना कृषकहरूको अधिकारका लागि कार्यरत संघसंस्था साथै खाद्य अधिकार र खाद्य सम्प्रभुताको क्षेत्रमा कार्यरत खाद्य अधिकारको लागि राष्ट्रिय सञ्जाल नेपाल, राष्ट्रिय कृषक समूह महासंघ नेपाल, अखिल नेपाल किसान महासंघ, गैसस महासंघ आदि संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी प्रतिवेदन तयारी कार्य सम्पन्न गरेको छ। लक्ष्य २ सम्बन्धित कार्यरत सबै नागरिक समाज, संघसंस्था र सञ्जालहरूलाई प्रतिवेदनको खाका उपलब्ध गराई उक्त ढाँचा अनूरुप प्रतिवेदन तयारी गर्न अनुरोध गरिएको थियो र सबै संस्थाको आ-आफ्नो प्रतिवेदनलाई अन्तिम रुप दिई एउटै प्रतिवेदनमा समाहित गरिएको थियो जुन गैसस महासंघले दिगो विकास लक्ष्य केन्द्रित मूल प्रतिवेदनमा समावेश गरी प्रकाशन पनि गरेको छ।

# ३९औं विश्व खाद्य दिवश २०७६ सम्पन्न




फियान नेपालले गत वर्षहरूमा जस्तै यो वर्ष पनि **"हाम्रो पहल: स्वस्थ आहार, भोकमुक्त संसार"** भन्ने मूल राष्ट्रिय नाराका साथ ३९ औं विश्व खाद्य दिवश २०७६ आफ्नो कार्यक्षेत्रहरूमा सरोकारवाला संस्थाहरूसँगको सहकार्यमा सम्पन्न गरेको छ। मिति २०७६ असोज २९ गते कृषि तथा पशुपंछी विकास मन्त्रालय, कृषि विभाग र १६ वटा भन्दा बढी विभिन्न नागरिक समाजका संघ संस्थाहरूको समन्वय तथा सहकार्यमा काठमाण्डौमा पनि भव्यताका साथ आयोजना भएको थियो।

मूल समारोहलाई प्रभातफेरी, प्रवचन कार्यक्रम र कर्णाली रैथाने खाद्य साँझ गरी तीन भागमा आयोजना गरिएको थियो। विहानको प्रभातफेरी कार्यक्रममा सरकारी निकाय र सरोकारवाला विभन्नि नागरिक समाजका संघ संस्थाहरूको सहभागिता रहेको थियो। कृषि विभागको प्राङ्गण हरिहरभवनबाट शुरु भएको प्रभातफेरी कार्यक्रम पुलचोक, जावलाखेल हुँदै सोही स्थानमा आएर विश्राम लिएको थियो। तत्कालीन कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणी खनाल प्रमुख अतिथि र राज्यमन्त्री रामकुमारी चौधरी विशेष अतिथि रहेको देश्रो सत्रमा विभिन्न विधामा साना कृषकहरूलाई पुरस्कार वितरण तथा सम्मान पनि गरिएको थियो। यसका साथै, आधुनिक कृषि प्रणालीले नेपाली कृषकलाई कसरी फाइदा पर्‍याउने र देशलाई कृषि आधुनिकिकरणको माध्ययमबाट कसरी समृद्ध बनाउने भन्ने बारेमा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो। कार्यक्रमको तेश्रो सत्रमा कर्णाली प्रदेश र प्रदेश २ मा उत्पादित रैथाने खाद्य बस्तुको प्रवर्धन गर्ने उद्देश्यका साथ रैथाने खाद्य साँझ को आयोजना गरिएको थियो।

कर्णाली प्रदेश र प्रदेश २ मा उत्पादित विभिन्न स्थानीय खाद्य उत्पादनहरूबाट बनेका परिकारहरू खाद्य साँझमा राखिएको थियो भने उक्त रैथाने साँझ ४ सय भन्दा बढी आगन्तुकहरूले अवलोकन गरेका थिए।




**केन्द्रीय कार्यालय**
घर नं. ३२, बिजुलीबजार, नयाँबानेश्वर,
पो.ब.नं. ११३६३, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-४७८१६५४, ४७८३९६५
फ्याक्स: ०१-४७८२२२३

**क्षेत्रीय कार्यालय**
शान्ति नगर, कारकाँदो
नेपालगञ्ज, बाँके
फोन नं.: ०८१-५५०२१४

**Connect with us:**

Like us and follow on FACEBOOK
*www.facebook.com/fiannepal*

Watch FIAN Nepal's videos on YOUTUBE
*www.youtube.com/user/fiannepal*

Follow us on FLICKER
*www.flickr.com/photos/fiannepal*